आज मिति २०७६ आस्वीन १० गते शुक्रवार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिल्वाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री कृष्णप्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. योजना तथा कार्यक्रम सम्बन्धमा ।

२. Visit Nepal 2020 सम्बन्धमा ।

३. विविध

**निर्णय नं. १ योजना तथा कार्यक्रम सम्बन्धमाः** छलफल हुंदा यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को योजना तथा कार्यक्रमहरू खरिद ऐन नियम अनुसार कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाउने साथै मिति २०७६ फागुन मसान्तसम्म सम्झौता सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ Visit Nepal 2020 सम्बन्धमाः** छलफल हुंदा यस गोदावरी नगरपालिकाको पर्यटनका लागि Visit Nepal 2020 लाई मध्यनजर गर्दै यस नगरपालिकाक्षेत्रका ऐतिहासिक साँस्कृतिक झल्किने फोटो ग्यालरी सहितको एवं ब्रोसर प्रकाशन गर्ने निर्णय गरियो ।

**३. विविधः**

३.१. यस नगरपालिका भित्रको पानीजन्य तथा खानेपानी उद्योगहरूका उपभोग सेवा शुल्क राजधानी दैनिक पत्रिकामा प्रकाशन गरी ठेक्का नं. ०१/Internal Resources/०७६/०७७ को स्वीकृत गरी चापागाउँ सोसियल सर्भिस प्रा.लि. गोदावरी नगरपालिका वडा नं. ११ सँग नियमानुसार नगरसभाबाट भएको निर्णय अनुसार १०% छुट सहित सम्झौता गरिएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

३.२. यस नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार काम-काज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजत पाउँ भनी गोदावरी नगरपालिका वडा नं. ९ स्थित श्री कालीका कन्स्ट्रक्सनका प्रोप्राइटर मदन कुमार श्रेष्ठले नगरपालिकामा निवेदन दिनुभएकोमा उक्त कन्स्ट्रक्सन कम्पनी मिति २०७० चैत्रमा साविक जि.वि.स.बाट रद्ध गरेको देखिएकोले नविकरण नगरी कालीका कन्स्ट्रक्सनको नाममा नयाँ 'घ' वर्गको निर्माण व्यवसायी इजाजत-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३.३. यस नगरपालिका क्षेत्रका विभिन्न सडकखण्डहरू वर्षात लगायतका कारण क्षति भई आवत-जावतमा नै कठिनाई भएकोले नगरपालिकाबाटै विभिन्न वडामा विभिन्न मात्रामा ग्राभेल गरिएकोमा प्राविधिक मूल्याङ्कन र वडाकार्यालयको सिफारिसको आधारमा नियमानुसार ५० ट्रिप सम्मको रकम नगरपालिका विपद व्यवस्थापन शीर्षक र बाँकी सम्बन्धित वडाको लागि छुट्याइएको मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

३.४. विजया दशमी, शुभ दिपावली र छठ पर्व २०७६ को उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम आगामी मिति २०७६/०६/१६ गते बिहिवार बिहान ०८:०० बजे बज्रवाराही फुलवारी पार्टी प्यालेसमा गर्ने निर्णय गरियो ।

३.५. यस नगरपालिकाको विपद व्यवस्थापनका लागि आपतकालीन कोष सञ्चालन गर्ने र प्रति वडाका रू.३०,०००/- का दरले जम्मा रू.४,२०,०००/- जम्मा गर्ने र उक्त रकम वडासचिव मार्फत पेश्की दिई परिचालन गर्ने र उक्त रकम राहतका लागि सर्जमिन मुचुल्का, फोटो, प्रहरी मुचुल्का र वडाकार्यालयको सिफारिसलाई आधार लिने निर्णय गरियो ।

३.६. यस नगरपालिकाको विभिन्न क्षेत्रमा मिति २०७६ आषाढ २७ गतेको वर्षात एवं बाढी प्रभावित राहत पाउन बाँकी रहेका बाढी पीडितहरुलाई पुरानै दरले प्रमाण आधार हेरी राहत वितरण गर्ने निर्णय गरियो ।